# आर्थिक बर्ष २०७५।७६ को

# नीति तथा कार्यक्रम

घरखेडा, कैलाली
७ नं. प्रदेश, नेपाल




**चुरे गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**घरखेडा, कैलाली**

**सुदुरपश्चिम प्रदेश नेपाल**

**२०७५**

गाउँसभाबाट पारित मितिः २०७५/०३/१०

Scanned with CamScanner

# चुरे गाउँपालिकाको दोश्रो गाउँ सभा अधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०७५/०७६को बार्षिक नीति,कार्यक्रम तथा बजेट

यस दोश्रो गाउँसभा अधिबेशनका सभा अध्यक्ष ज्यु , वडा अध्यक्ष ज्यूहरु कार्यपालिका सदस्य एवं सम्पुर्ण गाउँसभा सभासद ज्यूहरु एवं उपस्थित यस चुरे गाउँपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरु र सर्व प्रथम यस गाउँसभा अधिबेसनमा यहाँहरु सबैलाई हार्दिक स्वागत एवं कृतज्ञता ब्यक्त गर्न चाहन्छु । यस महत्वपूर्ण घडीमा ईतिहासका विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, गणतान्त्रिक आन्दोलनहरुमा आफ्नो प्राण आहुति गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात प्रातः स्मरणीय शहीदहरु प्रति श्रद्धासुमन अर्पण गर्दछु । साथै शहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु ।

बिगत लामो समय देखि स्थानीय तहमा जननिर्वाचित प्रतिनिधि बहाल हुन नसकीरहेको अवस्थामा दोश्रो गाउँसभा अधिवेशनमा गाउँपालिकाको वार्षिक नीति कार्यक्रम तथा बजेट बक्तब्य गर्न पाउँदा मलाई अपार हर्ष महशुस भईरहेको छ । यो घडीमा म चुरे गाउँपालिका क्षेत्रको कुशल नेतृत्व गरी सक्नु भएका पूर्व वर्ति नेतृत्व प्रति सम्मान व्यक्त गर्दछु । त्यस्तै चुरे गाउँपालिकाको विकासमा सधैं हातेमालो गर्नुहुने आदरणीय चुरेवासीहरु प्रति नतमस्तक हुँदै सुसंस्कृत, सुन्दर र समृद्ध चुरेको विकासमा यहाँहरुको सहयोग र समर्थनका लागि हार्दिक आग्रह गर्दछु ।

**आदरणीय गाउँ सभाका सदस्य ज्यूहरु, लगायत महानुभावहरु,**

चुरे गाउँपालिका कैलाली जिल्लाकै आर्थिक विकासको सम्भावना बोकेको गाउँपालिका हो । आर्थिक विकासले मात्र गाउँपालिकाको समग्र क्षेत्रको विकास गर्न सकिने भएकाले आर्थिक क्षेत्रहरुको पहिचान गर्नु जरुरी छ । यस क्षेत्रमा रहेका बन पैदावारलाई सदुपयोग गरी जडीबुडी प्रशोधन केन्द्र संचालन गर्न सक्ने सम्भावनाहरु रहेका छन् । यस क्षेत्रमा पर्ने निङ्गलाडी बजार, खानीडाँडा बजार, सहजपुर बजार, फल्टुडे बजार ७ न. प्रदेशका ९ वटा जिल्ला आवत जावत गर्ने धनगढी डडेल्धुरा जोड्ने भीमदत्त राजमार्गमा पर्ने भएकाले होटल व्यवसाय मार्फत रोजगारी सृजना हुने प्रशस्त सम्भावनाहरु रहेका छन् । त्यसै गरी यस गाउँपालिका वाडा नं. १ र ४ का केही भागहरु धनगढी दिपायल द्रुत राजमार्गमा पर्ने भएकाले यहाँ होटल व्यवसायमार्फत रोजगारी सृजना हुने प्रशस्त सम्भावनाहरु रहेका छन् । यति मात्र नभएर यो गाउँपालिकाका अधिकांश क्षेत्रहरु तराईबाट नजिक पर्ने र गर्मी याममा चिसो वातावरणमा रमाउने मौसमी पर्यटकहरुका लागि पर्यटन क्षेत्रको पहिचान र विकास गरेमा आर्थिक विकासका लागि धेरै समय कुर्नुपर्ने अवस्था छैन् ।

कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरणले आर्थिक विकासमा टेवा पुरयाउने छ । यस क्षेत्रमा बसाई सरी आउनेको संख्या पनि उल्लेख्य रहेकाले व्यवस्थित वस्ती निर्माण र वजारीकरणले पनि रोजगारीका क्षेत्रहरुलाई फराकिलो बनाउने छ । सुन्तला, अमिला, कागती र केरा जातका फलफुलहरुको पकेट क्षेत्र विस्तार गरी शितभण्डार स्थापना गरी बेमौसममा फलफुलहरुको आपूर्ति यस क्षेत्रबाट गर्न सकिने छ ।



Scanned with CamScanner

कम्पासे धुरा, खैरालामा रहेको प्रसिद्ध गर्भादरबार, चुरेकै अग्लो स्थान गर्भाडाँडा, सहजपुरको रातोपहिरो जस्ता पर्यटकीय क्षेत्रको प्रवर्द्धन विकास र नयाँ पर्यटकीय क्षेत्रको खोजी गरी यस गाउँपालिकामा पर्यटन व्यवसाय फष्टाउन सकिनेछ । फलफुल र पशुजन्य बस्तुको निर्यात प्रशस्त मात्रामा गर्न सकिने सम्भावना देखिन्छ । यस क्षेत्रमा विभिन्न, धर्म, भाषाभाषी र रितिरिवाज मान्ने जातजातिहरुको बसोबास रहेकाले जातिय सहिष्णुता र सामाजिक सदभाव रहेको पाइन्छ ।

भौगोलिक विकटताका कारण यस गाउँपालिकाका २ न. र ४ न. वडाहरु सडक यातायात पुरयाउन निकै कठिन रहेको छ । विकासका पुर्वाधारहरुको विकास र विस्तार गर्न नसक्दा दैनिक प्रशासनिक कामकाजहरु सम्पादन गर्न गराउन कठिनाई रहेको छ । गाउँमा बेरोजगार युवाहरुको संख्या बढदै गई वर्षेनी विदेश पलायन हुनेको संख्यामा वृद्धि हुदै जाँदा कृषिजन्य लगायत शारिरिक परिश्रम गर्ने जनशक्तिको अभाव हुने डरलाग्दो अवस्था आई आर्थिक विकासमा कमी आउने सम्भावना रहेको छ ।

भौगोलिक कठिनाईका कारण विद्यालयहरु टाढा भएका कारण सानो उमेरमा विद्यालय जान सक्ने बालबालिकाको संख्या न्यून रहेको र उच्च शिक्षा हासिल गर्नका लागि शिक्षालयहरु नहुदा बिचमै विद्यालय छोड्नेहरुको संख्या उलेख्य रहेको छ । सबै वडाहरुमा सुरक्षित प्रशुति सेवा लगायतका स्वास्थ्य सेवाहरु पुरयाउन नसकिएको तितो यथार्थ हाम्रा सामु छर्लङ्ग रहेको छ । जसले वर्षेनी आमाहरुले अकालमा ज्यान गुमाउनु परेको छ ।

सञ्चार, शिक्षा, स्वास्थ्य, खानेपानी र सडक जस्ता आधारभूत भौतिक पूर्वाधारको अभावमा चुरे वासीले अझै पनि सास्ती खेप्नु परेको छ । गाउँमा उत्पादन गरेको बस्तु बजारमा बिक्रि गर्न नसकिने र उत्पादन खेर जाने भएकाले खाद्य सुरक्षामा समेत चुनौती रहीआएको छ । चुरे क्षेत्रको कमजोर माटो र कमजोर भौगोलिक बनावटले बर्षेनी आउने विपद्को समेत सामना गर्नु पर्ने अवस्था रहेको छ ।

स्थानीय गाउँ सभा, कार्यपालिका र न्यायिक समिति गठनसंगै चुरे गाउँपालिकालाई आफूलाई चाहिने कानूनहरु निर्माण गर्ने र कार्यान्वयन गर्ने ऐतिहासिक अवसर प्राप्त भएको छ । केही कानुनहरु समेत निर्माण भईसकेका छन् । यस क्षेत्रमा ऐतिहासिक गर्बा दरवार, कम्पासे धुरा, भासु मन्दिर, ग्वासीधुरा जस्ता पर्यटकीय क्षेत्रहरु रहेकाले यी पर्यटकीय स्थलहरुको संरक्षण र संबर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याउने प्रचुर सम्भावना रहेको छ । कृषिको आधुनिकिकरण, विविधिकरण र व्यावसायीकरण गरी आर्थिक विकास गर्ने अवसर रहेको छ । विविध कारणबाट राज्यको मूल प्रवाहीकरणबाट बञ्चित भएका समुदायलाई गतिशिल पद्धतिमा समाहित गर्दै लैजानुपर्ने जिम्मेवारीहरु प्राप्त भएका छन् ।

चुरेको समग्र बिकासका लागि पर्यटन, कृषि, होटेल व्यवसाय, जडिबुटि संरक्षण, धार्मीक तथा पर्यटकिय सम्पदाहरुको संरक्षण गरी जनताको जीवनयापनमा सहजता ल्याउने अवसरहरु प्रशस्त रहेको देखेको छु ।

स्थानीय तहको गठनसंगै दुई दशकपछि स्थानीय निकायमा फरक जिम्मेवारीका साथ स्थानीय पदाधिकारीहरु जननिर्वाचित भई गाउँपालिकामा आएका छौं । स्थानीय तहले लामो जनप्रतिनिधि विहिन अवस्था पारगरेसंगै जनाताले ठुलो विकासको अपेक्षा राख्नु स्वभाविक हो । बिगतमा जनप्रतिनिधि विहिन राज्य संयन्त्रले सृजना गरेका सर्वसाधारण र जनताबीचको दुरी कम गर्नमा अवको उर्जाशील समयावधि



Scanned with CamScanner

खर्च गर्नुपर्ने अवस्था रहेको छ । यसैबीच राज्यको शासन व्यवस्थामा संघीयताको नयाँ अभ्यास स्थानीय सरकारको काँधमा आई सकेकाले स्थानीय तहको सफल कार्यान्वयन गर्ने युगान्तकारी जिम्मेवारीलाई सफलतापूर्वक अवतरण गर्ने दायित्व थपिएको छ ।

गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य, यातायातमा पहुँच, दिगो आवास, खाद्य सुरक्षा, गुणस्तरिय जीवनयापनमा सहजीकरण गराउन लाग्नुपर्ने चुनौती हाम्रा सामु रहेकाछन् । चुरे गाउँपालिकालाई सडकसंजाल, बिजुली बत्ती, सञ्चार र शैक्षिक असुबिधाले गर्दा आक्रान्त बनेका चुरे बासीमा यी पूर्वाधारहरु बिकास गरी बिश्वास जगाउन सक्नु पर्ने ठूलो चुनौती मैले महशुस गरेको छु ।

नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, दिगो विकास लक्ष्यह, सहस्राब्दी विकास लक्ष्यहरुको अधिनमा रही मानव विकास सूचकांकमा उल्लेख्य सुधार गर्नुपर्ने अवस्था रहेको छ । सुशासन र विकासको प्रत्याभुत गराई जनस्तरमा राज्यको उपस्थितिको बोध गराउदै स्थानीय तहलाई सुदृढ बनाउदै संघीय शासन व्यवस्थालाई कार्यान्वयन गर्नु आजको टड्कारो आवश्यकता रहेको छ ।

**उपस्थित गाउँसभाका सदस्य ज्यूहरु लगायत महानुभावहरु,**

अव म चुरे गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को नीति कार्यक्रम तथा बजेट वक्तव्य प्रस्तुत गर्न गैरहेको छु ।

### ३.१ सोच

चुरे गाउँपालिका ७ नं. प्रदेशको समुन्नत, समृद्ध र विकसित गाउँपालिका बनाउने दिर्घकालिन सोच राखेको छु । चुरे वासी सबै नागरिकहरुको सबै सेवामा पहुँच भएको, उत्कृष्ट पर्यटकीय गन्तव्य भएको, आमजनताले स्थानिय शासनको अनुभूत गरेको स्थानीय तहको रुपमा स्थापित गर्ने सोच समेत लिएको छु ।

### ३.२ लक्ष्य

आर्थिक वर्ष २०७५।०७६ को अन्त्यसम्ममा चुरे गाउँपालिकामा भौतिक, सामाजिक र आर्थिक विकासको गति आमनागरिकहरुले महसुस गर्न सक्नेगरी कार्यक्रम संचालन गर्ने लक्ष्य लिएको छु ।

### ३.३ उद्देश्य

चुरे गाउँपालिकाले एक वर्ष भित्रमा,

- संचार असुविधा भएको टोल र बस्तीमा सहज संचार सुबिधा पुरयाउन पहल गर्ने ।
- बिद्युतिय सुचना प्रणाली अर्थात इन्टरनेट, इमेललाई सहज बनाउन सम्बन्धित निकायमा जोड दिने ।
- चुरे गाउँपालिका क्षेत्रमा बिजुली बिस्तार गर्न पहल गर्ने ।
- सडकका क्षेत्रमा लगानी बढाई अधिकांश गाउँहरु सडक संजालमा आवद्ध गराउने ।



Scanned with CamScanner

- कृषि क्षेत्रमा आधुनिकीकरण र व्यवसायिकरण गरी जनताको जीवनस्तरमा परिवर्तन ल्याउने खालका कार्यक्रम संचालन गर्ने ।
- प्राविधिक शिक्षालयको स्थापनामा जोड दिने ।
- पर्यटकिय गन्तव्यहरुको पहिचान, संरक्षण र प्रचारप्रसार गर्ने कार्यलाई प्राथमिकता दिने ।
- प्राकृतिक सम्पदाहरु, ऐतिहासिक दरवार, धार्मीक सम्पदाहरुको संरक्षणमा जोड दिने ।

### ३.४ अपेक्षित उपलब्धि

आर्थिक वर्ष २०७५/०७६ को अन्त्यसम्ममा देहायका उपलब्धिहरु हासिल गर्न सकिने अपेक्षा लिएको छ ।

- सडक सञ्जालको विस्तार, स्तरोन्नति तथा सुरक्षित, गुणस्तरीय र भरपर्दो यातायातको पहुँचमा वृद्धि भएको हुनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयका भौतिक संरचनाहरुको निर्माण कार्य शुरु भई सेवा प्रवाह सरल, प्रभावकारी र जनमुखी भएको हुनेछ ।
- चुरे गाउँपालिकाका सबै वडाहरुमा विद्युत सेवाको सुनिश्चितता प्रदान गर्ने कार्यले तीव्रता प्राप्त गरी आम्दानी प्राप्त हुने खालका क्रियाकलापहरुमा विद्युतको खपत भएको हुनेछ ।
- चुरे गाउँपालिका क्षेत्रमा स्वास्थ्य तथा शिक्षा क्षेत्रमा देखिएका कमीकमजोरीहरुलाई सुधार गर्दै गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाको व्यवस्था उपलब्ध हुनेछ ।
- चुरे गाउँपालिकामा एक कृषि प्राविधिक शिक्षालय खोल्नका लागि भौतिक पूर्वाधार तथा दक्ष जनशक्ति व्यवस्थापनका लागि तयारी भएको हुनेछ ।
- चुरे गाउँपालिकामा गरिदै आएको परम्परागत कृषि प्रणालीमा सुधार ल्याई कृषक, युवा लक्षित वर्ग लाभान्वित हुनेछन् । साथै पशु स्वास्थ्यमा सुधार भई पशु व्यवसायबाट आयआर्जनको श्रोतमा बृद्धि भएको हुनेछ ।
- विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको हुनेछ ।
- सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त पारदर्शी, जवाफदेही, भ्रष्टाचारमुक्त बनाउन गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाइनेछ ।

### ३.५ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अबलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु

#### ३.५.१ समग्र नीति तथा आधारहरु

१. विगत लामो समय देखि रिक्त स्थानीय तहको निर्वाचन नभई जनप्रतिनिधि विहिन अवस्थाको अन्त्य भएको छ । अबका दिनहरुमा चुरे गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकाका सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको गरिबी न्यूनीकरण गर्ने नीति लिएको छ ।



Scanned with CamScanner

२. चुरे गाउँपालिका क्षेत्रमा मुख्य र ग्रामीण सडक सञ्जालको वर्गिकरण गरी प्राथमिकताका आधारमा न्यूनतम लेनको सडक सञ्जालको विकास तथा विस्तार र स्तरोन्नति गरिनेछ ।

३. कृषि क्षेत्रलाई स्थानीय उत्पादनको महत्वपूर्ण क्षेत्रको रुपमा विकास गरिनेछ । प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ । सिंचाई, मलखाद, बीउविजनको उपलब्धतामा जोड दिइनेछ । निगालीलाई सुन्तला पकेट क्षेत्रको विकास र विस्तार गरिनेछ । सहजपुरलाई अदुवा उत्पादन र मसला खेतीको रुपमा विकास गर्दै लगिनेछ । खैरालामा पशुजन्य उत्पादन कार्यक्रमलाई प्रोत्साहन दिइनेछ । आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

४. स्वच्छ, सफा खानेपानीमा नागरिकको पहुँच अभिवृद्धि गरिनेछ । गाउँपालिका स्तरमा जलउपयोग गुरुयोजना बनाइ प्राथमिकिकरणको आधारमा खानेपानी आयोजना तथा कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ । खानेपानीको उत्पादन, वितरण तथा उपभोगमा स्थानीयबासी तथा खानेपानी उपभोक्ताहरुलाई जिम्मेवार वनाउदै लगिनेछ ।

५.चुरे संरक्षणका लागी जैवीक बिभेदतालाई ध्यानमा राखी बृक्षारोपण जडीबुटी उद्यान लगायत संरक्षण क्षेत्र तोकी वातावरण तथा जलवायुमैत्री पूर्वाधारको विकासमा जोड दिइनेछ । वन क्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरी आर्थिक रुपले महत्वपूर्ण बनस्पति तथा जडीबुडीहरुको प्रशोधनमा निजी, सामुदायिक तथा सहकारी संस्थालाई सहभागी गराइनेछ ।

६.संरक्षित वन्यजन्तु तथा चराचुरुङ्गीको शिकारलाई नियमन गर्न आवश्यक संहिता तथा योजना तर्जुमा गरी संरक्षणमा जोड दिइनेछ ।

७. शिक्षा र स्वास्थ्य क्षेत्रमा हालसम्म भएको लगानीले स्वस्थ, शिक्षित र सभ्य नागरिक उत्पादन भएको उपलब्धिलाई संस्थागत गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको व्यवस्था मिलाईनेछ । शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सञ्चालित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

८. लैंगिक समानता, महिला शसक्तिकरण, लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ ।

९. चुरे गाउँपालिकाको सम्बृद्धिका लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुनसक्ने लाभ, अबसर र सम्भावनाहरुलाई खोजी गरी यस क्षेत्रमा सङ्ख्यात्मक र गुणात्मक विकास गरिनेछ ।

१०. चुरे गाउँपालिकाको हित प्रर्वद्धन, जनताको मौलिक हक र अधिकारको निर्वाध उपयोगको वातावरण सिर्जना गर्नका लागि तद्अनुकुल सुरक्षा नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । विकास निर्माण, सम्पदा संरक्षण र विपद् व्यवस्थापनमा सम्बन्धित सुरक्षा निकायसँग समन्वय गरी जनशक्ति परिचालन गरिनेछ ।

११. पर्यटन क्षेत्रलाई अर्थतन्त्रको आधारको रुपमा विकास गरिनेछ । गर्भादरबार र कम्पासे धुरामा भ्यू टावरको लागि व्यवस्था गरिनेछ साथै ग्वासी धुरा, खानीडाँडा क्षेत्र, शिवनगर क्षेत्र, निगाली सुन्तला उत्पादन क्षेत्र, सहजपुरलाई आर्कषक गन्तव्य बनाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न जोड दिइनेछ ।



Scanned with CamScanner

१२. वैज्ञानिक वस्ती विकासमा जोड दिँदै बजारोन्मुख बस्तीहरुको प्राकृतिक श्रोत, ऐतिहासिक, सामाजिक, सांस्कृतिक पहिचान र आर्थिक सामर्थ्यको आधारमा गतिशील शहर निर्माणको राष्ट्रिय रणनीतिलाई अवलम्बन गरिनेछ।

१३. विद्युत विस्तार र बैकल्पिक उर्जा विकासमा विशेष प्राथमिकता दिइनेछ।

१४. चुरे गाउँपालिकाको आर्थिक सम्बृद्धिका लागि सार्वजनिक निजि र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाइनेछ।

१५. खानेपानी योजनाहरु, सामुदायिक संस्थाहरु, कृषक समूहहरुलाई सहकारीमा आबद्ध गर्न प्रोत्साहित गर्दै चुरे गाउँपालिकाबाट शेयर लगानीको वातावरण सिर्जना गर्न नीति तर्जुमा गरि कार्यान्वयन गरिनेछ।

१६. सिंचित क्षेत्रको पहिचान गरी कृषि योग्य भूमिमा सिंचाई सेवा उपलब्ध गराउन सिंचाईका सम्भाव्य सबै प्रविधि र प्रणालीको विकास एवं व्यवस्थापन गर्न आवश्यक कार्यक्रम तर्जुमा गरीनेछ।

१७. चुरे गाउँपालिकाको वित्तीय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाइनेछ। गाउँकार्यपालिकाका पदाधिकारीहरुको र कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ। गाउँपालिकाका सबै वडाहरुमा जनशक्ति व्यवस्था गरिनेछ।

१८. शिक्षित तथा युवा शक्ति कामको खोजीमा विदेश पलायन भईरहेको अवस्थामा घरेलु उद्योग तथा कृषि क्षेत्रमा लगानी बढाई उत्पादनमूलक रोजगारीको अवसर सिर्जना गरी युवालाई रोजगार उपलब्ध गराउन कार्यक्रहरुको तर्जुमा तथा कार्यान्वयन गरिनेछ। खेलकुद क्षेत्रको विकासका लागि नीति तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

१९. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिबद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागीतामूलक बनाउदै लगिनेछ।

२०. भ्रष्टाचारजन्य क्रियाकलाप्रति शून्य सहनशीलताको अवधारणामार्फत सुशासनमा टेवा पुरयाइनेछ। भ्रष्टाचार निबारणका क्षेत्रमा कार्यरत सार्वजनिक निकायको क्षमता अभिवद्धि गरिनेछ।

२१. मानव अधिकारको सम्मान एवं सम्वर्द्धन गर्दै मानब अधिकारको प्रत्याभुति गरिनेछ।

### ३.५.२ क्षेत्रगत नीति तथा आधारहरु

**(क) आर्थिक क्षेत्र**

**श्रोतहरुको पहिचान सम्बन्धी**

१. गाउँपालिका क्षेत्रमा रहेको वन क्षेत्रबाट प्राप्त हुने बनपैदावार र प्राकृतिक श्रोत साधन अर्न्तगत जडीवुटी, ढुङ्गा, गिट्टी, बालुवाको प्रयोगलाई समेत गाउँपालिकाको मूख्य आम्दानीको श्रोतको दायरा भित्र ल्याइने छ।



Scanned with CamScanner

२. गर्भा दरबार, कम्पासे धुरा, गिथडी, रातोपहिरो क्षेत्रलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आवश्यक कार्यक्रम तय गरिनेछ ।

**कृषि विकास सम्बन्धी**

१. १० वर्षे कृषि विकास रणनीतिमा आधारित भएर चुरे गाउँपालिका स्तरमा समेत कार्यक्रम संचालन एवं अनुगमन प्रणालीको व्यवस्थापनमा जोड दिइनेछ ।

२. खाद्य असुरक्षालाई न्यूनीकरण गर्न खाद्य सुरक्षा प्रतिकार्य योजना ( Food Security Response Plan ) तयार गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

३ .जडीबुडीको व्यवसायिक खेतीको सम्भावना अध्ययन गरी सोही अनुरुपका कार्यक्रम तथा योजनाहरुलाई विशेष प्रोत्साहन दिइनेछ ।

४. दशवर्षे कृषि विकास रणनीतिले तय गरे अनुसार र नेपाल सरकारले युवा लक्षित स्वरोजगार कार्यक्रम अर्न्तगत रोजगारी सृजना गर्न सिमी, सुन्तला, तरकारी र आलुलाई व्यवसायीकरण गर्न जोड दिइनेछ ।

५. सुख्खा क्षेत्रमा थोपा सिचाई तथा फोहरा सिंचाई, सिमेन्ट पोखरी र प्लाष्टिक पोखरी निर्माण गरी वर्षातको पानी संकलनमा जोड दिइनेछ ।

६. लोपोन्मुख तथा मौलिक बाली संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन कार्यमा जोड दिइनेछ ।

७. फलफूल, टमाटर, आलु भण्डारणका लागि सोलार तथा शीत भण्डार निर्माणका लागि यस गाउँपालिकामा कार्यरत संघ संस्थाहरु सँग समन्वय गरिनेछ ।

८. उच्च मूल्य कृषि वस्तु बजारीकरणको लागि सहकारीमा आधारित बिक्री वितरण प्रणाली ( Cooperative marketing System ) लाई प्रोत्साहन गरिनेछ ।

९. जलबायु परिवर्तनबाट कृषि क्षेत्रमा प्रभाव सम्बन्धी अध्ययन तथा अनुसन्धानमा जोड दिइनेछ ।

१०. तरकारी, च्याउ तथा मौरीपालन व्यवसायलाई बेरोजगार युवाहरुमा लक्षित गरी स्वरोजगार बनाउन नीजि तथा व्यक्तिगत तवरमा बिशेष सहयोग प्रदान गरिनेछ ।

११. जैविक मल तथा विषादी उत्पादन गर्ने उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

१२. सुन्तलाको पकेट क्षेत्र बनाउन बिशेष पहल गर्दै किसानहरुलाई सुन्तला आत्मनिर्भर कार्यक्रममा अनुदान दिने नीति लिइनेछ ।



Scanned with CamScanner

### पशुपन्छी विकास सम्बन्धी

१. उन्नत पशुपालनबाट दुग्ध उत्पादनमा बृद्धि गरी व्यवस्थित बजारीकरण गरिनेछ ।

२. मौसमी कृत्रिम गर्भाधानलाई ग्रामीण दुर्गम क्षेत्रमा सामुदायिक पशु प्रजनन केन्द्रको शुरुवात गर्ने र ती ठाउँमा न्यून उत्पादकत्व भएका भाले पशुहरुलाई बन्ध्याकरण गर्न प्रोत्साहन गरिनेछ । यसका साथै नश्ल सुधार कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

३. आधुनिक व्यवसायिक बाखा फर्मको विकास गरिनेछ ।

४ दूध डेरी स्थापनाका लागि पहल गरिनेछ ।

### नागरिकको आय आर्जन सम्बन्धी

- आर्थिक विकासका लागि सहकारी संस्थाहरुको क्षमता विकास गर्दै लगिने र सहकारी संस्थाको पूर्वाधार विकास गर्दै लगिनेछ ।
- सिपमूलक तालिमहरु संचालन गर्दै दिगो आयआर्जनका क्रियाकलापहरु संचालन गरिनेछ ।
- स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यमशिलतालाई जोड दिदै कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

## ख) सामाजिक क्षेत्र

### शिक्षा तथा खेलकुद सम्बन्धी नीति

१ शिक्षाको अवधारणालाई कार्यमूलक बनाउदै बालमैत्री शैक्षिक वातावरण कायम गर्न शैक्षिक सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी सयुक्त कार्ययोजना तयार गरिनेछ ।

२ स्वीकृती नलिइ संचालनमा रहेका विद्यालयहरुलाई कानूनी दायरामा ल्याइनेछ । विद्यार्थी शिक्षक अनुपात, भौगोलिक विकटता र स्थानीय सन्दर्भलाई विश्लेषण गरी विद्यालयलाई गाभ्न सकिनेछ ।

३. गाउँशिक्षा समिति यथाशक्य गठन गरी शैक्षिक विकासका कार्यक्रमहरुको कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

४. विद्यालयलाई प्रदान गरिने विभिन्न अनुदान रकमहरुलाई लक्षित बर्ग सम्म पुरयाउन आर्थिक पारदर्शीताको नीति अवलम्वन गरिनेछ र विद्यालयको सामाजिक परिक्षणलाई अनिवार्य र प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ ।

५. बस्ती बस्तीमा निरक्षर नागरिकको पहिचान गरी अनौपचारिक शिक्षा संचालन गर्न पहल गरिनेछ ।

६ अनुमति प्राप्त विद्यालयहरुमा आवश्यक दरबन्दीका लागि पहल गरिनेछ ।

७. गाउँपालिका स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप संचालन गराउन प्राथमिकता र प्रोत्साहन दिइनेछ । साथै चुरे गाउँपालिका स्तरीय खेल मैदाको व्यबस्थापन गरिनेछ ।



Scanned with CamScanner

८. बाल विकास केन्द्रलाई स्तरबृद्धि गरी शिक्षकहरुलाई क्षमता विकासको लागि सरोकारवालासँग आवश्यक पहल गरिनेछ ।

९.जेहन्दार छात्राहरुलाई माध्यामिक स्थर सम्म निसुल्क शिक्षा दिन पहल गरिने छ ।

१०. प्राबिधिक शिक्षा अध्ययनको लागी प्रत्यक वडा बाट १-१ जना छात्रालाई छात्र बृतीको व्यबस्था गरिने छ ।

**विज्ञान तथा प्रविधिसम्बन्धी नीति**

१.मा.बि. बिद्यालयहरुमा ई–हाजीरीको लागी पहल गरिनेछ ।

२. गाउँपालिकाको पहलमा गाउँपालिका र वडाहरुको बस्तुगत विवरण प्रोफाइल तयार गर्न लगाई पुस्तक प्रकाशन गरिनेछ ।

३. विकास निर्माणका सम्पूर्ण गतिविधिहरुलाई रेडियो तथा पत्रपत्रिका मार्फत प्रचार प्रसार एवं जानकारी गराइनेछ ।

४. टेलिभिजन, टेलिफोन तथा इन्टरनेट सेवाको पहुँच र गुणस्तर अभिबृद्धिका लागि आवश्यक पूर्वाधार निर्माण गर्न नेपाल टेलिकम, एनसेल र नेपाल टेलिभिजन लगायतका कम्पनीहरुमा विशेष पहल गरिनेछ ।

५. यस चुरे गाउँपालिकामा रहेका सबै विद्यालयहरुमा खेलकुद तथा विज्ञान प्रयोगशालाको व्यवस्था गर्न जोड दिइनेछ ।

६. यस गाउँपालिकामा सूचना केन्द्रको स्थापनाको लागि पहल गरिनेछ ।

**स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नीति**

१. जनतामा गुणस्तरीय स्वास्थ्य सेवाहरुको प्रत्याभूत गर्न यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन र परिचालनका लागि मानव संशाधन योजना तयार गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।

२. गाउँपालिकालाई पूर्ण सरसफाई घोषणा गर्न संघसंस्था तथा सरोकारवालाहरुसंग समन्वय गरिनेछ ।

३. यस गाउँपालिका भित्र रहेका सबै स्वास्थ्य चौकीहरुको स्तर वृद्धि गरी स्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन पहल गरिनेछ ।

४.स्वास्थ्यकर्मीहरुको क्षमता विकास तालिमका लागि पहल गरिनेछ ।

५. स्वास्थ्य क्षेत्रमा लगानी गर्न चाहने नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।



Scanned with CamScanner

६. बिद्यालयहरुमा महिनावारी सरसफाईका लागी प्याड बितरण गर्न पहल गरिनेछ ।

७. महिनावारी स्वच्छता कक्षाहरु सञ्चालन गरिनेछ ।

८. संस्थागत सुत्केरी सेवा पुर्णरुपमा लागु गरीनेछ ।

**लैंगिक समानता र सामाजिक समाबेशीकरण सम्बन्धी नीति**

१. महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चतताको लागि सरकारी, गैर सरकारी र निजी क्षेत्रका सबै सरोकारवालासंग सहकार्य गरिनेछ ।

२. लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरिनेछ ।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता, लगत कट्टा, परिचय पत्र वितरण र समयमै सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ र प्रत्येक वडा कार्यालयहरुले प्रत्येक चौमासिकमा सा.सु. रकमको सार्वजनिक सुनुवाई गरी गाउँपालिकामा सोको विवरण पेश गर्न लगाइनेछ ।

४. महिला, बालबालिका, अपांग, जनजाती लगायत पिछडिएका वर्गहरुका लागि आयआर्जन गर्ने खालका कार्यक्रमहरु संचालनमा ज़ोड दिइनेछ ।

७. बालश्रम शोषण, बालबिबाह, घरेलु हिंसा छाउपडी प्रथा तथा जातिय बिभेद लाई निवारण गर्ने नीति लिइनेछ ।

**सरकारी तथा गैरसरकारी संघसंस्था सम्बन्धी नीति**

१. यस चुरे गाउँपालिका क्षेत्रमा कार्यक्षेत्र बनाएका गैर सरकारी संघसस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघ संस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर, लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिइनेछ । साथै गाउँकार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र गाउँपालिकाको कार्यालयमा एक गैरसरकारी संघ सस्था अनुगमन इकाई गठन गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

२. चुरे गाउँपालिका क्षेत्रमा रहेका सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ ।



Scanned with CamScanner

ग) पूर्वाधार क्षेत्र

**खानेपानी तथा सरसफाई, सडक तथा भौतिक योजना र पूर्वाधार विकास तथा वस्ती विकास, शहरी योजना र भवन निर्माण सम्वन्धी**

१. सडकलाई स्तरीय तरिकाबाट सञ्चालन गर्नका लागि स्तरोन्नति अनिवार्य रुपमा छिटो गरिनेछ ।

२. सडकको आकृति विग्रने गरी मानव निर्मित समस्या खडा गर्ने कार्य पूर्ण रुपमा निरुत्साहित गर्न विनियम, कार्यविधि र निर्देशिका बनाई लागु गर्न जोड दिइनेछ ।

३. वडा स्तरका सडकहरुको सम्भाव्यता अध्ययन र योजना छनौट गरि वजेट विनियोजन गरिनेछ ।

४. सुरक्षित खानेपानी व्यवस्थाका लागि प्राथमिकता अनुसार योजनाहरु तर्जुमा गरिनेछन् ।

५. गाउँपालिकालाई पूर्ण सरसफाई गाउँपालिका बनाउन जोड दिइनेछ ।

६. भूकम्पको जोखिमलाई न्यूनीकरण गर्न नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मार्गदर्शन ,२०७२ लाई सार्वजनिक तथा नीजि भवनहरुमा अनिवार्य लागु गरिनेछ ।

७. खाद्यान्न उत्पादन हुने ठाउँहरुमा भवन निर्माण कार्यलाई निरुत्साहित गर्ने खालका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

८. शहरीकरण योजना सञ्चालनमा ल्याउन आवश्यक पहल गरिनेछ ।

९. चुरे गाउँपालिकामा रहेका ग्रामीण सडक सञ्जाल, पुल पुलेसामा पर्ने व्यक्तिगत जग्गाहरुको लगत संकलन गरी कित्ताकाट गराउने नीति तर्जुमा जोड गरिनेछ ।

**विद्युत तथा उर्जा सम्वन्धी**

१. नदीको स्रोत र ठाउँ पहिचान गरी लघुजलविद्युत आयोजना छनौटमा जोड दिइनेछ ।

२. प्रत्येक वडाहरुमा विद्युत विस्तार गर्दै लगिनेछ ।

**अल्पकालीन तथा दीर्घकालीन नीति, योजना र कार्यक्रम सम्वन्धी**

१. पूर्वाधार सम्वन्धी योजनाहरुको अनिवार्य रपमा सम्भाव्यता अध्ययन गरेर मात्र छनौट गर्ने नीति लिइनेछ ।

२. भौतिक संरचना निर्माण गर्दा बालमैत्री अपाङ्गमैत्री भवन निर्माण गरिनेछ ।

३. गाउँपालिका भरिका आयोजनाहरु संयुक्त अनुगमन पछि मात्र खर्च पास गर्ने व्यवस्था गरिनेछ ।

४. पूर्वाधार विकास तथा गाउँपालिकाबाट विनियोजित विकास बजेटको अन्तिम भुक्तानी र जाँच पास हुनुभन्दा अगाडि सामाजिक परिक्षण अनिवार्य गरिने व्यवस्था मिलाइनेछ ।

**कृषि, सिचाई, सहकारी र गरिबी निबारण सम्बन्धी**



Scanned with CamScanner

१. कृषि उत्पादकत्वलाई वृद्धि गरी आय आर्जनमा टेवा पुरयाउने हेतुले तरकारी खेतीमा प्रोत्साहन दिईनेछ ।

२. सिंचाइ योजनाहरुको सम्भाव्यता अध्ययन गरी कार्यक्रम तर्जुमा गरिनेछ ।

३. बेमौसमी तरकारी उत्पादन र थोपा सिंचाई लगायतका आधुनिक कृषि प्रविधि लागु गर्न आवश्यक पहल गरिनेछ ।

४. गरिबहरुको आयस्तरमा बृद्धि गर्न बिभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंग समन्वय गरी गरिबि निवारण सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

५. सहकारी बिकास कार्यक्रम संचालन गरी सहकारी तथा लघुबित्तमा जनताको पहुँच बृद्धि गर्दै लगिनेछ ।

**घ) वातावरण तथा विपद् व्यवस्थापन**

**वन वातावरण संरक्षण तथा हरियाली प्रर्वद्धन सम्बन्धी नीति**

१. दीगो वन व्यवस्थापन गरी वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादनमा वृद्धि गरिनेछ ।

२. जैविक विविधताको संरक्षण गरी वातावरणीय सेवाबाट प्राप्त हुने लाभको न्यायोचित वितरण सुनिश्चित गरिनेछ ।

३. जल तथा भूमिको संरक्षणको साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन सहयोग पुरयाउन जलाधार क्षेत्रको एकिकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

४. वनजन्य उद्योगको प्रवर्द्धन, उत्पादनको विविधिकरण र बजारिकरण मार्फत अर्थतन्त्रमा टेवा पुरयाउन वन क्षेत्रको दीगो विकास तथा संरक्षणमा नीजि क्षेत्रलाई आकर्षित गरिनेछ ।

५. जलवायु परिवर्तनबाट पारिस्थितिक प्रणाली, स्थानीय जनता र जिविकोपार्जनमा पर्न सक्ने प्रभावलाई कम गर्न न्यूनिकरण तथा अनुकुलनका कार्यक्रम सञ्चालन गरिनेछ ।

६. वन व्यवस्थापनलाई थप पारदर्शी, जवाफदेही, उत्तरदायी र समाबेशी बनाई सक्षम बनाइनेछ ।

७. स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्यजन्तुको संरक्षण व्यवस्थापन नीति कानून तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

८. बृक्षारोपण तथा हरियाली र हरित क्षेत्रको प्रर्वद्धन गरिनुका साथै उद्यान क्षेत्रको समेत बिकाश गरिनेछ ।

९. हानीकारक पर्दाथहरुको नियमन तथा नियन्त्रण गरिनेछ ।

१०. पानीका मूहानंहरुको संरक्षण गरिनेछ ।

**विपद् पूर्व तयारी, विपद् पछिको व्यवस्थापन र विपद्को समयमा गर्नुपर्ने कामहरु सम्बन्धी नीतिहरु**

१. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

२. विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका संघसंस्था, नीजि क्षेत्रसँगको सहयोग र सहकार्य गरिनेछ ।

३. विपद् व्यवस्थापन कोषको स्थापना, संचालन र परिचालन गरिनेछ ।

४. विपद् न्यूनीकरण सम्बन्धी पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा जोड दिइनेछ ।

५. विपद् पूर्व तयारी खोज तथा उद्धार राहत सामाग्रीको पूर्व भण्डारण वितरण र समन्वयमा जोड दिइनेछ ।

६. विपद् जोखिम क्षेत्रको नक्शांकन तथा वस्तीहरुको परिचालन र स्थानान्तरणमा पहल गरिनेछ ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह र शुसाशन**

**संगठन ,संरचना, दरबन्दी र कार्यविवरण तथा सुशासन र सेवा प्रवाह सम्बन्धी नीति**

१. सरकारी तथा गैरसरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन सूचना तथा अभिलेख केन्द्रलाई सुदृढिकरण गरिनेछ ।

२. चुरे गाउँपालिकामा रहेको जनशक्ति पहिचान गरी गैरसरकारी संस्थाहरुको कुनै पनि कार्यक्रमको लागि जनशक्ति छनौट गर्दा **समाबेशीको सिद्धान्त** अवलम्बन गर्ने नीति लिइनेछ ।

३. गाउँपालिका स्थित सार्वजनिक निकायहरुबाट सम्पादन हुने सेवा प्रवाह तथा काम कारवाहीको उचित मूल्याङ्कन गरी पुरुस्कार र दण्डको व्यवस्था गरिनेछ ।

४. गाउँपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत/शाखा कार्यालय, गैरसरकारी कार्यालय, स्थानीय संघ संस्था समेतका गाउँपालिका क्षेत्रभित्रका कार्यालयहरुमा **सुशासन विकास इकाइ** स्थापना गर्दै लगिनेछ ।

५. गाउँ कार्यपालिका र वडा कार्यालयहरुको दरबन्दी संरचना संघीय सरकार र प्रादेशिक सरकारसँग संगठन र विकास सम्वन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरी सोही अनुरुप पदपूर्ति, समायोजन, दरबन्दी सिर्जना, सरुवा, बढुवा तथा वृत्ति विकास प्रणाली लाई व्यवस्थित गरिनेछ ।

६. संघीय तथा प्रादेशिक सरकारको अनुदानमा प्राप्त हुने योजना, परियोजना तथा जिल्ला समन्वय समितिबाट समायोजन भई आउने विभिन्न दरबन्दीका कर्मचारीहरुको यथोचित परिचालन गर्ने नीति अबलम्बन गर्नुका साथै उक्त पदहरुको कार्यबोझ, कार्यपद्धति र कर्मचारीको आवश्यकता लगायतका विषयहरुको अध्ययन गरी **मानव संशाधन व्यवस्थापन** नीतिलाई अवलम्वन गरिनेछ ।

**क्षमता विकास सम्बन्धी नीति**



Scanned with CamScanner

१. गाउँपालिकाको क्षमता वृद्धि लगायतको कार्य प्रभावकारी गर्न, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन लगायतका विषयलाई प्रभावकारी बनाइनेछ ।

२. चुरे गाउँपालिका मातहतका कर्मचारी प्रशासन सम्बन्धी विनियम, कर्मचारी कल्याण कोष विनियम, निर्देशिका तथा कार्यविधिहरु तय गरिनेछन् ।

३. विद्युतीय शासन प्रणाली मार्फत चुरे गाउँपालिका क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारवाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन कार्यलाई अवलम्बन गरिनेछ ।

४. सामाजिक आर्थिक उद्यमशिलताको विकास गर्दै युवा लक्षित सेवा सुविधा र रोजगार लगायतका अवसरहरुमा वृद्धि गर्दै पलायन हुनबाट जोगाउन विभिन्न क्षमता विकास तथा आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्न **रोजगार सूचना केन्द्र** स्थापना सम्बन्धमा आवश्यक कदम बढाइनेछ ।

**आदरणीय गाउँसभाका सदस्य ज्यूहरु,**

आर्थिक वर्ष २०७५/०७६ मा केन्द्रसरकार बाट प्राप्त बित्तिय हस्तान्तरण, बित्तिय समानिकरण अनुदानबाट प्राप्त **रु ७ करोड ७६ लाख,** राजस्व वाडफाट प्राप्त हुने ७ करोड १४ लाख ५१ हजार र सर्शत अनुदान तर्फ **रु १५ करोड ८१ लाख गरी कुल ३० करोड ७१ लाख ५१ हजार प्रप्त भएको छ । साथै प्रदेश सरकारवाट बित्तिय समानिकरण अनुदान तर्फ रु ६६ लाख ६० हजार र राजस्व वाड फाट तर्फ ३१ लाख ८१ हजार गरी जम्मा ९८ लाख ४१ हजार र अनुमानित आन्तरिक आम्दानी रु १० लाख ८० हजार गरी जम्मा रु ३१ करोड , ८० लाख ७२ हजार प्राप्त भएको ब्यहोरा यस सभामा जानकारी गराउन चाहन्छु ।**

**अन्त्यमा,**

युस निती तथा कार्यकमले चुरे क्षेत्रका बासिन्दाहरुको प्रत्यक्षरुपमा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, कृषि, सडक, पशु स्वास्थ्य, वन तथा वातावरण लगायतका विभिन्न क्षेत्रमा १ बर्ष भित्रमा उपलब्धिमूलक भएको महशुस गर्न पाउने अपेक्षा राखेको छु । पुन यस गरीमामय सभामा उपस्थित सम्पुर्ण महानभावहरुमा धन्यवाद ज्ञापन गर्दै बिदा हुन्छु धन्यवाद ।

धन्यवाद !